पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड
Peoples Hydropower Company Limited
(Super Dordi Hydropower Project 'Kha'-54 MW.)
Regd. No.: 209826/2075

Ref. No. : १४४/ ०८२/०८३

मिति : २०८२/०९/०१

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : १८औं वार्षिक साधारणसभा एवं शेयरधनी दर्ता किताब बन्द सम्वन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस कम्पनीको मिति २०८२/०८/२९ गते दिनको ५:०० बजे बसेको संचालक समितिको बैठकले कम्पनीको आ.व.०८१/८२ को (१८ औं) वार्षिक साधारणसभा २०८२/०९/२३ गते बुधबारको दिन बिहान ११:३० बजे गर्ने निर्णय गरेको र सो प्रयोजनको लागि मिति २०८२/०९/११ गतेको दिन शेयर दाखिला खारेज बन्द (Book Closure) हुने सूचना समेत प्रकाशित भईसकेको हुँदा सोही बमोजिम गराईदिनु हुन अनुरोध गर्दै मिति २०८२/०९/०१ मा राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित वार्षिक साधारण सभा सम्वन्धी सूचना १ प्रति यसैसाथ राखी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

बोधार्थ :
श्री नेपाल धितोपत्र वोर्ड,
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाण्डौं ।

श्री सानिमा क्यापिटल लिमिटेड
नक्साल, काठमाण्डौं ।

.........................
केशव बहादुर रायमाझी
प्रवन्ध संचालक

# पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालयः बुद्धनगर, काठमाडौं

## १८ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०१ गते मंगलवार)**

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८२ साल मंसिर २९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न कम्पनीको १८ (अठारौं) वार्षिक साधारणसभा देहायको मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : बि.सं.२०८२ साल पौष २३ गते (तदनुसार जनवरी ७, २०२६) बुधवार ।
समय : विहान ११:०० बजे ।
स्थान : क्वालिटी बैंकेट, बुद्धनगर, काठमाण्डौ ।

**२. छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्तावहरू :**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८१/०८२) उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
२. लेखापरीक्षकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

**(ख) विशेष प्रस्तावहरू :**

१. कम्पनीको १७ औं वार्षिक साधारणसभाबाट चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गरी सो को पचास प्रतिशत बैंक ऋण तिर्न र पचास प्रतिशत अर्को आयोजना निर्माणमा प्रयोग गर्ने सम्बन्धी भएको निर्णय उपर संशोधन गरी प्राप्त हुने सम्पूर्ण रकम बैंक ऋण चुक्ता गर्न प्रयोग गर्ने गरी हकप्रद शेयर निष्काशन गर्ने सम्वन्धमा ।
२. प्रवन्ध पत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
३. नियमावलीको नियम २७ (२) तथा ३१ (क) र (ख) संशोधन गर्ने सम्बन्धमा ।
४. कम्पनीको नाममा रहेको हिमचुली दोर्दी जलविद्युत आयोजना हिमचुली पावर कम्पनी प्रा.लि.को नाममा हस्तान्तरण/नामसारी गर्ने सम्बन्धमा ।
५. पारित प्रस्ताव स्वीकृतिको लागि नियामक निकायमा पेश हुँदा कुनै पनि संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो अनुसार संशोधन वा परिवर्तन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध :**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. अठारौं वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८२/०९/११ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति **२०८२/०९/०९ गतेसम्म** कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिनको लागि योग्य हुनेछन्।
२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ। प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपूरक संख्या पूरा भए पश्चात् सभाको कार्यवाही अगाडि बढाइनेछ।
३. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समयभन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ।
४. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित रहनेछ।
५. कम्पनीको संक्षिप्त आर्थिक विवरण कम्पनीको वेवसाइटमा हेर्न सकिनेछ।
६. वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। साथै, अन्य थप जानकारी कम्पनीको वेवसाइट www.peopleshydro.com.np मार्फत समेत प्राप्त गर्न सक्नु हुनेछ।

**संचालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**